आज मिति २०८१ साल असारको १० गते सोमबारका दिन भानु नगरपालिका नगरकार्यपालिकाको चौधौं नगरसभा (बन्द सत्र) को दोस्रो बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठीज्यूको अध्यक्षतामा तपसिल वमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | आनन्दराज त्रिपाठी | प्रमुख | | |
| २. | उमा गोतामे | उप प्रमुख | | |
| ३. | दिबाकर पौडेल | सचिव | | |
| ४. | कान्छी माया तामाङ | वडाअध्यक्ष वडा नं.१ | | |
| ५. | केशव राज त्रिपाठी | वडाअध्यक्ष वडा नं.२ | | |
| ६. | तुल कुमार गुरुङ्ग | वडाअध्यक्ष वडा नं.३ | | |
| ७. | अर्जुन बहादुर बोहोरा | वडाअध्यक्ष वडा नं.४ | | |
| ८. | नहकुल अधिकारी | वडाअध्यक्ष वडा नं.५ | | |
| ९. | धिरेश खनाल | वडाअध्यक्ष वडा नं.६ | | |
| १०. | खुम प्रसाद श्रेष्ठ | वडाअध्यक्ष वडा नं.७ | | |
| ११. | ईश्वर बहादुर घिमिरे | वडाअध्यक्ष वडा नं.८ | | |
| १२. | मिन बहादुर गुरुङ्ग | वडाअध्यक्ष वडा नं.९ | | |
| १३. | हरिहर उप्रेती | वडाअध्यक्ष वडा नं.१० | | |
| १४. | विमल राज जोशी | वडाअध्यक्ष वडा नं.११ | | |
| १५. | बेल बहादुर अधिकारी | वडाअध्यक्ष वडा नं.१२ | | |
| १६. | कृष्ण बहादुर अधिकारी | वडाअध्यक्ष वडा नं.१३ | | |
| १७. | विन्दा रानाभाट | कार्यपालिका सदस्य | | |
| १८. | धन बहादुर वि.क | कार्यपालिका सदस्य | | |
| १९. | प्रविना थापा मगर | कार्यपालिका सदस्य | | |
| २०. | रविन भुजेल | कार्यपालिका सदस्य | | |
| २१. | राजु सुर्खाली | कार्यपालिका सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २२. | सावित्री सुनार | कार्यपालिका सदस्य | Savitri | |
| २३. | सकिना खातुन | कार्यपालिका सदस्य | | |
| २४. | शान्ता कुमारी मिजार लम्साल | कार्यपालिका सदस्य | Samta | |
| २५. | विवेक श्रेष्ठ | नगरसभा सदस्य वडा नं.१ | | |
| २६. | तुल बहादुर गुरुङ्ग | नगरसभा सदस्य वडा नं.१ | | |
| २७. | टक माया गुरुङ्ग | नगरसभा सदस्य वडा नं.१ | | |
| २८. | विनोद गुरुङ्ग | नगरसभा सदस्य वडा नं.२ | | |
| २९. | मदन भण्डारी | नगरसभा सदस्य वडा नं.२ | | |
| ३०. | मिना कुमारी श्रेष्ठ | नगरसभा सदस्य वडा नं.२ | | |
| ३१. | चनमाया बसेल | नगरसभा सदस्य वडा नं.२ | चनमाया | |
| ३२. | अमित लामा | नगरसभा सदस्य वडा नं.३ | | |
| ३३. | मेख राज गुरुङ्ग | नगरसभा सदस्य वडा नं.३ | | |
| ३४. | सन्तोषी सुनार | नगरसभा सदस्य वडा नं.३ | | |
| ३५. | राम बहादुर तामाङ्ग | नगरसभा सदस्य वडा नं.४ | | |
| ३६. | हर्क बहादुर थापा क्षेत्री | नगरसभा सदस्य वडा नं.४ | हर्क बहादुर थापा क्षेत्री | |
| ३७. | तिला बसेल | नगरसभा सदस्य वडा नं.४ | तिला | |
| ३८. | प्रेम बहादुर अधिकारी | नगरसभा सदस्य वडा नं.५ | Adhikari | |
| ३९. | मोहन बहादुर खाती | नगरसभा सदस्य वडा नं.५ | | |
| ४०. | कमला आले | नगरसभा सदस्य वडा नं.५ | | |
| ४१. | कल्पना परियार | नगरसभा सदस्य वडा नं.५ | | |
| ४२. | सन्त बहादुर खड्गी | नगरसभा सदस्य वडा नं.६ | | |
| ४३. | जितलाल गुरुङ्ग | नगरसभा सदस्य वडा नं.६ | | |
| ४४. | विमला अधिकारी | नगरसभा सदस्य वडा नं.६ | | |
| ४५. | शोभा गोतामे | नगरसभा सदस्य वडा नं.६ | | |
| ४६. | सन्त बहादुर थापा | नगरसभा सदस्य वडा नं.७ | | |

| | | | | |
|---|---|---|---|---|
| ४७. | चिज कुमार श्रेष्ठ | नगरसभा सदस्य वडा नं.७ | | |
| ४८. | रिता महत | नगरसभा सदस्य वडा नं.७ | | |
| ४९. | रचना नेपाली | नगरसभा सदस्य वडा नं.७ | | |
| ५०. | राजु क्षेत्री | नगरसभा सदस्य वडा नं.८ | | |
| ५१. | शिवजी कुमाल | नगरसभा सदस्य वडा नं.८ | | |
| ५२. | संगीता पाण्डे | नगरसभा सदस्य वडा नं.८ | | |
| ५३. | ईन्दिरा नेपाली | नगरसभा सदस्य वडा नं.८ | | |
| ५४. | श्याम कृष्ण पाण्डे | नगरसभा सदस्य वडा नं.९ | | |
| ५५. | कृष्ण राज धमनिया | नगरसभा सदस्य वडा नं.९ | | |
| ५६. | उमा श्रेष्ठ | नगरसभा सदस्य वडा नं.९ | | |
| ५७. | शर्मिला बि.क. | नगरसभा सदस्य वडा नं.९ | | |
| ५८. | राजेन्द्र ढुङ्गाना | नगरसभा सदस्य वडा नं.१० | | |
| ५९. | सन्तोष घले | नगरसभा सदस्य वडा नं.१० | | |
| ६०. | श्रीमाया तामाङ्ग | नगरसभा सदस्य वडा नं.१० | | |
| ६१. | फुलमाया बि.क. | नगरसभा सदस्य वडा नं.१० | | |
| ६२. | अजय थापा | नगरसभा सदस्य वडा नं.११ | | |
| ६३. | राम प्रसाद अधिकारी | नगरसभा सदस्य वडा नं.११ | | |
| ६४. | लालमती गुरुङ्ग | नगरसभा सदस्य वडा नं.११ | | |
| ६५. | सरस्वती बि.क. | नगरसभा सदस्य वडा नं.११ | | |
| ६६. | सुदिप के.सी. | नगरसभा सदस्य वडा नं.१२ | | |
| ६७. | शुस्मा राना | नगरसभा सदस्य वडा नं.१२ | | |
| ६८. | भिमसेन अधिकारी | नगरसभा सदस्य वडा नं.१३ | | |
| ६९. | चन्द्र विवश गुरुङ्ग | नगरसभा सदस्य वडा नं.१३ | | |
| ७०. | शान्ता मौराती | नगरसभा सदस्य वडा नं.१३ | | |

## भानु नगरपालिका नगरकार्यपालिकाको को मिति २०८१/०३/१० गतेको १४ औं नगरसभाको दोस्रो बैठकको कार्यसूची:

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुत कर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०३/१० | बिहान ११:०० बजे | आ.व.२०८१/०८२ को बजेट प्रस्तुत | उप प्रमुख श्री उमा गोतामेज्यू | |
| | | आर्थिक विधेयक, २०८१ | विधेयक समितिका संयोजक | |
| | | विनियोजन विधेयक, २०८१ | विधेयक समितिका संयोजक | |
| | | नगरसभा सम्वन्धी विविध विषयहरु | प्रमुख श्री आनन्दराज त्रिपाठीज्यू | |

## भानु नगरपालिकाको मिति २०८१/०३/१० गतेको १४ औं नगरसभाको दोस्रो बैठकको निर्णयहरु:

निर्णय नं.१ भानु नगरपालिकाको आ.व.२०८१/०८२ को विनियोजन विधेयक, २०८१ तथा कर दस्तुर, राजस्व सहितको आर्थिक विधेयक, २०८१ सहितको संक्षिप्त बजेट वक्तव्य प्रस्तुत गर्नु भएकोमा उपप्रमुख श्री उमा गोतामेज्यूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं.२ भानु नगरपालिकाको आ.व.२०८१/०८२ को विनियोजन विधेयक, २०८१ तथा कर दस्तुर, राजस्व सहितको आर्थिक विधेयक, २०८१ पेश गरियो । साथै तपसिल बमोजिमको बजेट वक्तव्य समेत सम्मानित सभा समक्ष पेश गरियो ।

आनन्द राज त्रिपाठी
प्रमुख



भानु नगरपालिकाको चौधौं नगरसभामा

उप प्रमुख एंव

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

श्री उमा गोतामे बाट प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को बजेट

# वक्तव्य

भानु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फुस्रेटार, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०८१ साल असार १० गते सोमबार

नगरसभाका आदरणीय अध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरु,

१. नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको तर्फबाट यस सम्मानित नगरसभा समक्ष भानु नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले आँफूलाई गौरवान्वित महशुस गरेको छु ।

२. आज हामी भानु नगरपालिकाको आ.व.२०८१/०८२ का लागि सुन्दर सपना दख्रे गौरवमय क्षणमा उभिएका छौं । हाम्रा प्राकृतिक स्रोत साधन, जातजाति, सह-अस्तित्व र आत्मनिर्भरतापूर्वक जीउने स्वाभिमानी यस नगरपालिकाका ४५ हजार नागरिकहरुले पूर्ण विकासको अभिभारा हामीलाई सुम्पिएको सर्वविदितै छ ।

३. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

४. संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्यता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सरकार जनतामाझ नै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी माझ आएको छ ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले हाल सम्म हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदयीमान नगरपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।

६. बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संवैधानिक व्यवस्था अनुसारको एकल तथा साझा अधिकारको सूची, विनियोजन विधेयक २०८१/०८२ को सिद्धान्त र प्राथमिकता, नगरपालिका द्वारा निर्मित विभिन्न कानुनहरु, नगर कार्यपालिकाका निर्णयहरु तथा राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता, दिगो विकासको लक्ष्यलाई मुख्य आधार बनाएको छु । साथै यसै सभाले आगामी आर्थिक वर्षका लागि पारित गरेको नीति तथा कार्यक्रम, नागरिक समाज तथा नगरबासीहरुले विभिन्न माध्यमबाट दिएका सुझावहरुलाई मार्गदर्शनका रुपमा लिएको छु ।



२०८१/०३/१०

आनन्द राज त्रिपाठी
प्रमुख

७. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मूल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्र कर तथा गैर कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

८. कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न, प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

९. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार, विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्द्धन र अन्तरसरकारी समन्वय हाम्रो प्रमुख चुनौती रहेका छन् ।

१०. नगरपालिकामा उपलब्ध हुने साधन स्रोतमा उल्लेख्य बढोत्तरी नहुने तर नगरपालिकाले व्यवस्थापन गर्नुपर्ने नागरिकहरुको संख्या र सेवाको परिमाण थपिने यस्तो असन्तुलित परिस्थितिका बीच आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम पेश गरिरहँदा म झनै गम्भिर बनेको छु । यो बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मानिस र प्रकृति बीचको निरन्तर संघर्षमा हामी उठ्न सक्छौं र हामी उठ्ने छौं भन्ने दृढ आत्मविश्वास लिएको छु । यही दृढताका साथ नीति तथा कार्यक्रम निर्माण तथा छलफलका क्रममा नगरसभा सदस्यहरुले दिनु भएका महत्वपूर्ण सुझाव तथा नागरिक समाजका व्यक्तिहरुबाट प्राप्त सुझाव समेत समेटी बजेट तथा कार्यक्रमहरु तय गरेको छु ।

११. अब म चालु आ.व. को संशोधित आय तथा व्ययको विवरण पेश गर्दछु । कुल आय ८७ करोड २९ लाख ७२ हजार ८ सय ८० रहेको छ ।जुन प्रस्तावित आयको ८४.५७ प्रतिशत हुन जान्छ । चालु खर्च तर्फ ४४ करोड ५० लाख १९ हजार ३ सय ३९ रुपैयां अर्थात ६७.८४ प्रतिशत र पूंजीगत तर्फ १८ करोड ९५ लाख २३ हजार ४ सय ९९ रुपैया अर्थात ५०.३८ प्रतिशत खर्च भएको छ। यसरी चालु आ.व. को बजेट रु. ३९ करोड ७६ लाख ५१ हजार ५ सय २२ रुपैया मौज्दात रहेको देखिन्छ ।जुन वार्षिक बजेटको ६१.४७ प्रतिशत हुन जान्छ ।

सभाका अध्यक्षज्यू

सभाका सदस्यज्यूहरु

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।



आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्गेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

१२. <u>बजेटको उद्देश्य निम्नानुसार रहेका छन :</u>

१) भानु नगरपालिकाको अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु

२) जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवाप्रदान गर्नु

३) लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु

४) कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु

५) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु

६) स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु

७) जनताको खाद्य सुरक्षाको संवैधानिक अधिकारको प्रत्याभुति गर्न सहकारी तथा निजी क्षेत्रसंग समन्वय गरी खाद्य आपूर्ति श्रृङ्खला व्यवस्थित गर्नु

१३. <u>बजेटका उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता र कार्यक्रम मिलाएको छु ।</u>

१) सर्बसुलभ स्वास्थ्य, गुणस्तरीय शिक्षा, खानेपानी तथा सरसफाई , संस्कृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास

२) कृषि, पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास

३) सडक तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा तथा सञ्चार क्षेत्रको विकास मार्फत पूर्वाधार विकास

४) वन, वातावरण तथा जनसहभागितामा आधारित विपद् व्यवस्थापन

५) सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी आधुनिक प्रविधिमैत्री सार्बजनिक सेवा प्रवाह सुशासन तथा संस्थागत विकास

सभाका अध्यक्षज्यू
सभाका सदस्यज्यूहरु,
अब म चालु आर्थिक बर्ष २०८०/०८१ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

१४. चालु आर्थिक वर्षमा रु. ३ करोड राजस्व परिचालन हुने अनुमान रहेकोमा २०८१ असार ८ गतेसम्म रु. २ करोड ८ लाख ६६ हजार ७ रुपैयाँ राजस्व संकलन भएको छ । त्यसैगरी चालु आर्थिक वर्षमा असार ८ गतेसम्म संघीय सरकारबाट वित्तीय समानीकरण



आनन्द राज त्रिपाठी
प्रमुख

अनुदान बापत रु. ९ करोड ९८ लाख २६ हजार १ सय ७० रुपैयाँ, संघीय शसर्त अनुदान चालु बापत रु.३९ करोड ४३ लाख ३९ हजार ८ सय ४० रुपैया, संघीय शसर्त अनुदान पुंजीगत बापत रु.४ करोड ४४ लाख ३१ हजार ५ सय ३० रुपैया, संघीय राजस्व बाँडफाँड बापत रु. ७ करोड ६२ लाख ५० हजार ४ सय ८५ रुपैया प्राप्त भएको छ । त्यस्तै प्रदेश वित्तीय समानीकरण अनुदानबापत रु. १ करोड ४२ लाख १४ हजार, प्रदेश शसर्त अनुदान पुंजीगत तर्फ रु. ७ लाख ५० हजार , प्रदेश विषेश अनुदान पुँजीगत तर्फ रु. १५ लाख, प्रदेश समपुरक अनुदान पुँजीगत तर्फ रु. २५ लाख आय प्राप्त भएको छ ।तेस्तै, प्रदेश राजस्व बाँडफाँडबाट रु. १ करोड २१ लाख ३३ हजार ८ सय २८ रुपैया प्राप्त हुन आएको छ ।

१५. आर्थिक वर्ष २०७८/०७९ को राजस्व र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०७९/०८० को हाल सम्मको आय तथा व्यय विवरण र आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आयव्ययको विवरण निम्नानुसार उल्लेख गरेको छु :

| आर्थिक वर्ष | अनुमानित राजस्व | प्राप्त कुल राजस्व |
|---|---|---|
| २०७८/०७९ | २ करोड | ३ करोड ६७ लाख ८० रुपैयाँ |
| २०७९/०८० | २ करोड ५० लाख | १ करोड ७८ लाख ८१ हजार १ सय ८० रुपैयाँ |
| २०८०/०८१ | ३ करोड | २ करोड ८ लाख ६६ हजार ७ रुपैयाँ (२०८१/०३/०८ सम्म प्राप्त) |

सभाध्यक्ष महेदय,

सभाका सदस्यज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सर्वप्रथम म सामाजिक विकास क्षेत्र र यसका उपक्षेत्रगत कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्दछु।

सामाजिक विकास क्षेत्र अन्तर्गत अब म स्वास्थ्य उपक्षेत्रको बजेट प्रस्तुत गर्न चाहन्छु ।



२०८१/०३/१०

आनन्द राज त्रिपाठी
प्रमुख

१६. विकासको साध्य र साधन दुवै नागरिकमै भएकाले सबै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिबृद्धि गर्न र सवल मानव पुंजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

१७. स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्बेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलब, मंहगी भत्ता र पोषाक भत्ताका लागि रु. ४ करोड १५ लाख १९ हजार बजेट विनियोजन गरेको छु ।

१८. जुनोटिक रोगहरु सम्बन्धी पैरवी तथा अभिमुखीकरण, स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड र विश्व रक्तचाप दिवस तथा आत्महत्या न्युनीकरणका लागि रु. १ लाख ५३ हजार बजेट विनियोजन गरेको छु ।

१९. राष्ट्रिय महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम (पोशाक, प्रोत्साहन र यातायात खर्च) का लागि रु. १५ लाख ८४ हजार र पालिकास्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एंव गुणस्तर सुधार साथै अर्धवार्षिक एवं बार्षिक समीक्षाका लागि रु. २ लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

२०. प्रजनन् रुग्णता स्वास्थ्य सेवा कार्यक्रम, परिवार योजना सेवा र स्थानीय तह मार्फत् मातृ तथा नवशिशु कार्यक्रम संचालनका लागि रु. १३ लाख ५३ हजार बजेट विनियोजन गरेको छु ।

२१. नागरिकको आरोग्यतालाई ध्यानमा राख्दै महामारी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत डेंगु लगायतका किटजन्य रोगहरुको नियन्त्रणका लागि रु. ३ लाख, क्षयरोगमुक्त घोषणा अभियानका लागि रु. २२ लाख ६० हजार र मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमका लागि रु.६ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

२२. स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण र किशोर किशोरी स्वास्थ्य सेवा कार्यक्रमका लागि रु. २ लाख ७८ हजार बजेट विनियोजन गरेको छु ।

२३. नियमित खोप सुदृढीकरण गरी पूर्ण खोप सुनिश्चितता, खोप अभियान, खोपबाट बचाउन सकिने रोगहरुको निगरानी, नमुना संकलन तथा व्यवस्थान, सरसफाई प्रवर्द्धन, घरधुरी सर्वेक्षण, वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको लागि रु. ४ लाख ८६ हजार बजेट विनियोजन गरेको छु ।

२४. नागरिकहरुको स्वास्थ्य सेवालाई मध्यनजर राख्दै स्वास्थ्य पोषण कार्यक्रम स्वास्थ्य सेवाका लागि अत्यावश्यक औषधि/स्वास्थ्य सामग्री र आयुर्वेद औषधी खरिदका लागि रु.४३



प्रमुख

लाख ५२ हजार बजेट विनियोजन गरेको छु । खाद्य पोषण कार्यक्रम अन्तर्गत पोषण संवेदनशील(खानेपानी तथा सरसफाइ, कृषि, पशु सेवा, महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध क्षेत्रका कार्यक्रमहरु संचालन) र पोषण विशेष स्वास्थ्य क्षेत्रको कार्यक्रम संचालनका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

२५. महिलाहरुको पाठेघरको मुखको क्यान्सर वरुद्ध HPV खोप अभियान कार्यक्रम सञ्चालनका लागि रु. ४ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

२६. मृगौला प्रत्यारोपण गरेका/ डायलाईसिस गराईरहेका/ क्यान्सर रोगी/ मेरुदण्ड पक्षघातका व्यक्तिहरुलाई मासिक रु. ५ हजारका दरले वितरण गर्न रु. ५१ लाख ६५ हजार बजेट विनियोजन गरेको छु ।

२७. विपन्न नागरीकहरुको नि:शुल्क स्वास्थ्य विमा कार्यक्रम/स्वास्थ्य बिमा फार्मेसी/आँखा उपचार केन्द्र र मेयर संग जनस्वास्थ्य अभियान कार्यक्रमका लागि रु.४१ लाख बजेट विनियोजन गरेको छु ।

२८. महिला स्वास्थ्य स्वयम सेविकाहरु लाई प्रोत्साहित गर्ने उद्येश्यका साथ अवलोकन भ्रमण तथा मासिक बैठक/ बढ्दो आत्महत्या रोकथामका लागि मानसिक स्वास्थ्य शिक्षा कार्यक्रम र नगरपालिका भित्र रहेका सबै टोलहरुमा स्ट्रेचर बितरण गर्नका लागि रु.८ लाख बजेट विनियोजन गरेको छु ।

२९. पुरनडिही नगर अस्पतालमा डिजिटल एक्सरे मेसिन खरिद र कालिमाटी नगर अस्पतालमा एक्सरेको प्रिन्टर खरिदका लागि रु.१७ लाख र पुरनडिही अस्पताल आयूर्वेद सेवा कार्यक्रम (प्रदेश सरकार मार्फत कर्मचारी व्यवस्थापन भएकोमा सेवा सञ्चालन व्यवस्थापन) का लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

"स्वस्थ गाउँशहर भानुको बहार, जनताको घर दैलोमा स्वास्थ्य उपचार" भन्ने उदघोष सहित समग्र स्वास्थ्य सेवा र स्वस्थ मानवपुंजी निर्माणका लागि सशर्त र आन्तरीक गरी स्वास्थ्य तथा आयुर्बेद क्षेत्रमा जम्मा रु. ७ करोड १८ लाख ५२ हजार बजेट विनियोजन गरेको छु ।

आनन्द राज त्रिपाठी
प्रमुख

सभाका सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,

अब म शिक्षा, युवा तथा खेलकुद उपक्षेत्रको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३०. सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउदै सक्षम, नैतिक आचरण प्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३१. भानु नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत कार्यालय सहयोगी बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता लेखा सहायक र सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सबै कर्मचारीहरुलाई श्रम ऐन २०७४ बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक निर्धारण गरी सम्पूर्ण शिक्षक कर्मचारीहरुको मनोबल बढाइनेछ। यसका लागि रु.१ करोड ९९ लाख ४३ हजार ८ सय २० रुपैंया बजेट विनियोजन गरेको छु ।

३२. लक्षीत वर्गका बालबालिकाहरुको विद्यालयमा सहज पहुँच, निरन्तरता र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३३. कक्षा ६ देखि १२ सम्मका बालिकाहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिन रु १६ लाख ५६ हजार बजेट विनियोजन गरेको छु ।

३४. सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु लामो समय (९८ दिन) सुत्केरी बिदामा बस्दा विद्यालयको दैनिक पठनपाठनमा बाधा नपरोस् भनी उक्त अवधिका लागि स्वयमसेवक शिक्षक परिचालन गर्ने कार्यलाई निरन्तरता दिदै यसका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

३५. भानु नगरपालिकाले स्वीकृत गरेको भानुको पहिचान झल्काउने स्थानीय पाठ्यक्रम (हाम्रो भानु) का आधारमा आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यपुस्तक हाम्रो भानु निर्माण तथा छपाइ गरी सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुमा वितरण गर्नका लागि रु २३ लाख बजेट विनियोजन गरेको छु ।

३६. भानु नगरपालिकाका सबै विद्यालयको पठनपाठन र परीक्षा पद्धतिमा एकरुपता ल्याउन र विद्यालयका हरेक गतिविधिहरुलाई व्यवस्थित रुपमा अघि बढाउनका लागि सालबसाली रुपमा तयार गरिने बार्षिक पाठयोजना लगायत अन्य महत्वपूर्ण सूचनाहरु समेत भएको शैक्षिक क्यालेण्डर निर्माण गरी वितरण गर्ने कार्यलाई निरन्तरता दिन रु १ लाख बजेट विनियोजन गरेको छु ।

आनन्द राज त्रिपाठी
प्रमुख

३७. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ र ५ लाई आधारभूत तह उत्तीर्ण परीक्षा समिति मार्फत सञ्चालन गरी स्वच्छ, मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि आन्तरिक स्रोतबाट रु ६ लाख बजेटको व्यवस्था गरेको छु ।

३८. विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापलाई प्रतियोगिताको रुपमा सञ्चालन गरी बालबालिकाको अन्तरनिहित क्षमता प्रस्फूटन गराउने कार्यलाई निरन्तरता दिनका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु ।

३९. भानु नगरपालिकामा सञ्चालित प्राविधिक शिक्षालयमा तीनवर्षे कार्यक्रममा अध्ययनरत २४ जना विद्यार्थीका लागि प्रदान गरिने बार्षिक जनही रु ५० हजारको छात्रवृत्तिलाई निरन्तरता दिनका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु ।

४०. भानु नगरपालिकाको शैक्षिक उन्नयनका लागि विभिन्न क्षेत्र एवं जिम्मेवारीमा रही योगदान गर्नुहुने विद्यालयका शिक्षक कर्मचारी लगायत विभिन्न शैक्षिक सरोकारवालाहरुलाई राष्ट्रिय शिक्षा दिवस समारोहको आयोजना गरी पुरस्कृत एवं सम्मान गर्न बजेटको व्यवस्था मिलाएको छु ।

४१. बालबालिकामा अन्तरनिहित प्रतिभालाई उजागर गर्न र कक्षा शिक्षणलाई आकर्षक, अर्थपूर्ण र प्रभावकारी बनाई दिगो सिकाइको आधार तयार गर्नका लागि शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनीको आयोजना गरिनेछ । यसका लागि रु ५ लाख बजेट छुट्याएको छु ।

४२. सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारीलाई भानु नगरपालिकाको लोगो तथा पहिचान सहितको परिचय पत्र निर्माण गरी वितरण गर्न र विद्यालय शिक्षाको जगको रुपमा रहेको बाल विकास केन्द्रमा कार्यरत सहजकर्ताहरुका लागि शैक्षिक सामग्री निर्माण सम्बन्धी कार्यशालाको आयोजना गर्न रु ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

४३. विद्यालयमा विशेषतः लक्षीत वर्गका बालबालिकाको भर्नादरमा वृद्धि, सिकाइमा निरन्तरता, बीचैमा कक्षा छाड्ने दरमा न्यूनीकरण, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र पोषण स्थितिमा सुधार ल्याउने उद्देश्यले सामुदायिक विद्यालयमा अध्ययनरत बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका बालबालिकाका लागि नेपाल सरकारले दिवा खाजा कार्यक्रम अन्तर्गत दैनिक प्रति विद्यार्थी रु १५ का दरले बजेट व्यवस्था गरेकोमा उक्त रकम हालको महंगीको अनुपातमा अत्यन्त न्यून भएकोले उक्त रकममा वृद्धि गर्न शिक्षाका विभिन्न सरोकारवालाहरुबाट आग्रह भैआएको सन्दर्भमा भानु नगरपालिकाको तर्फबाट उक्त रकममा प्रति विद्यार्थी प्रति दिन रु ५ थप गरी वार्षिक १८० दिनका लागि रु २० को खाजा खुवाउने प्रबन्ध गरिनेछ । साथै यस वर्ष देखि कक्षा ६ का बालबालिकाका लागि पनि रु २० का दरले दिवा खाजा खुवाउनका लागि दिवा खाजा व्यवस्थापनमा रु ४५ लाख बजेट विनयोजन गरेको छु ।



आनन्द राज त्रिपाठी
प्रमुख

४४. सामुदायिक सिकाइ केन्द्र अन्तर्गत गठित महिला आयआर्जन समूहहरुका लागि मागमा आधारित विषयगत तालिम र सिडमनी प्रदान गर्न बालबालिकाको शारीरिक तन्दुरुस्ती र मानसिक स्फूर्तिका लागि राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता तथा जनप्रतिनिधि शिक्षक तथा कर्मचारीहरु बीच मैत्रीपूर्ण खेलकुद प्रतियोगिता सञ्चालन गर्नका लागि रु १२ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

४५. सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न विद्यालयमा सबै वर्ग र क्षेत्रका बालबालिकाको पहुँच सुनिश्चित गर्न अनुकुल शैक्षिक वातावरण सिर्जना गर्न, बाल अधिकारको सुनिश्चितता कायम गरी बालमैत्री स्थानिय शासनलाई प्रभावकारी कार्यान्वयन लगायत शिक्षा विकासका लागि सशर्त अनुदान तर्फ रु.३२ करोड ३८ लाख ४५ हजार र आन्तरीक स्रोत तर्फ रु. ३ करोड ५१ लाख गरी जम्मा रु. ३५ करोड ८९ लाख ४५ हजार बजेट विनियोजन गरेको छु।

यस सभाका सभा अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
बालबालिका, महिला, दलित, आदिवासी जनजाती, धर्म संस्कृति/भाषा/साहित्य क्षेत्रका कला तथा सर्जक, अल्पसंख्यक मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक, युवा, फरक क्षमताका व्यक्ति, बेपत्ता तथा द्वन्द पिडित/ सहिद नागरीकका परिवार, मानव सेवा आश्रमका लागि लक्षित गरी आवश्यक कार्यक्रम र बजेटको व्यवस्था गरी समग्र रुपमा सामाजिक समावेशीकरण र सामाजिक शसक्तिकरणका लागि एकमुष्ठ रु.७५ लाख बजेट विनियोजन गरेको छु।

यस सभाका सभा अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
अब म पूर्वाधार विकास क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४६. आगामी आर्थिक वर्षमा पूर्वाधार विकास कार्य तथा पूर्वाधार संरचना निर्माण गर्दा वातावरणमैत्री रुपमा निर्माण गर्ने कार्यलाई जोड दिंदै क्रमागत कार्यक्रम अन्तर्गत कालिमाटि अस्पतालका लागि एकमुष्ट रु. ३ करोड बजेट विनियोजन गरेको छु ।

४७. पञ्चनगर माझदिही, सुकुम्बासी टोल पाँउदी झोलुङ्गेपुल, कृपेश्वर नौदी खोला, ढाडखोला निबुवाश्वाँरा, निबुवाश्वारा आलेस्वादीका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

४८. भानु नगरपालिका वडा नं. १२ र १३ जोड्ने गाउँ सेवा कोष मार्ग स्तरोन्नती का लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।



२०७९।०३।१०।
आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

४९. भानु नगरपालिका वडा नं. २ मा रहेको सहिद स्मृती पर्यटन पार्क निर्माण का लागि रु. ७० लाख बजेट विनियोजन गरेको छु ।

५०. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छाना विस्थापितका लागि रु. २८ लाख र कोल्ड च्याम्बर निर्माणका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु ।

५१. प्रतिफल मुखी ठोस र ठुला नगर गौरवका आयोजना का लागि रु. २ करोड ५० लाख र माग को आधारमा आउने साना योजनाहरु सम्बोधनका लागि रु. ६५ लाख बजेट विनियोजन गरेको छु ।

५२. टोल/ बस्ती र वडा स्तरीय आवश्यकता पहिचान र सहभागितात्मक योजना तर्जुमा मार्फत सबै वडाको समग्र विकासका लागि रु. ९ करोड १० लाख बजेट विनियोजन गरेको छु ।

५३. कालीमाटी मानेचौका कुन्छा मोटर मार्ग, भिसी शेरबहादुर मोटर मार्ग, गडिमाई भ्यू टावर निर्माण, रातमाटा वडा कार्यालय राईपाली मोटर मार्ग र अन्य योजना मा समेत गरी क्रमागत ठेक्का योजनाका लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु ।

५४. वडा कार्यालयहरु सम्म सडकको पहुँच पुर्याउने कार्यका लागि समपुरक र अन्य योजनामा साझेदारीका लागि रु. १ करोड ७० लाख बजेट विनियोजन गरेको छु ।

५५. मर्स्याङ्दी लिफ्टिङ खानेपानी आयोजनाका लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु

यसरी पूर्वाधार विकास एवं पुंजीगत क्षेत्र अन्तर्गत एकमुष्ठ रुपमा रु. २१ करोड ४ लाख ८३ हजार बजेट विनियोजन गरेको छु।

यस सभाका सभा अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु,
अब म आर्थिक विकास क्षेत्रका विभिन्न उपक्षेत्र तथा कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अब म कृषि उपक्षेत्र तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५६. नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिबीको अन्त्य गर्न ठूलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धि गर्न तथा सबल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्न बजेट केन्द्रित गरेको छु ।

५७. कृषि जैविक विविधता संरक्षण कार्यक्रम, कृषि स्नातक करार, किसान सूचीकरण कार्यक्रम र कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्कका लागि रु. १२ लाख ८५ हजार बजेट विनियोजन गरेको छु ।



आनन्द राज त्रिपाठी
प्रमुख
२०७९।०३।१०

५८. बालि विकास कार्यक्रम अन्तर्गत स्थानीय हावापानी र माटो सुहाउँदो हुने बाली प्रवर्द्धन कार्यक्रमका लागि रु. ६ लाख ७५ बजेट विनियोजन गरेको छु ।

५९. आ.व. ०८१/०८२ मा नयां तरकारी बाली पकेट विकास कार्यक्रमको लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु ।

६०. कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलब भत्ताका लागि रु. ६ लाख ८८ हजार संघिय सरकारबाट र बाँकी तलब भत्ता आन्तरीक स्रोत बाट व्यहोर्ने गरी बजेट विनियोजन गरेको छु ।

६१. कृषि तथा पशुपन्छी सम्बन्धी डिजिटल APPS, साना सिंचाई कार्यक्रम, प्लान्ट क्लिनिक, कृषि सम्बन्धी मिनि ल्याब स्थापना, मागमा आधारीत कार्यक्रम, भुमि बैंक, हाट बजार स्थापना तथा संचालन र साना किसानका लक्षित मिनि किट वितरण लगायतका कार्यक्रमका लागि एकमुष्ठ रु. ८५ लाख बजेट विनियोजन गरेको छु ।

यसरी कृषि क्षेत्रमा सशर्त तर्फ ३७ लाख ७३ हजार र आन्तरिक स्रोत तर्फ ८५ लाख गरी जम्मा १ करोड २२ लाख ७३ हजार बजेट विनियोजन गरेको छु ।

अब म पशु सेवा तर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६२. इपिडेमियोलोजिकल रिपोटिङ, कृत्रिम गर्भाधान मिसन कार्यक्रम र पशुपन्छिमा लाग्ने माहामारी तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रमका लागि रु. २ लाख २२ हजार बजेट विनियोजन गरेको छु।

६३. दुधमा अनुदान, रेविज रोग नियन्त्रण, विज्ञ सहितको निःशुल्क पशु स्वास्थ्य शिबिर, जुनोटिक/ महामारी तथा आकस्मिक रोग नियन्त्रण, कृषक सम्मान, औषधी खरिद लगायतका कार्यक्रमहरु सञ्चालनका लागि रु.४५ लाख बजेट विनियोजन गरेको छु ।

यसरी सशर्त अनुदान तर्फ रु. २ लाख २२ हजार र आन्तरिक श्रोत तर्फ ४५ लाख गरी जम्मा रु. ४७ लाख २२ हजार बजेट विनियोजन गरेको छु ।

अब म बन वातावरण तथा विपद व्यवस्थापन तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६४. विपद जोखिम न्यूनिकरण, विपद प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापन तथा पुन निर्माण एंव उद्धार तथा राहत, स्थानिय आपतकालिन कार्य सञ्चालन केन्द्र सामाग्री खरिद र विपद व्यवस्थापन कोषका लागि एकमुष्ठ रुपमा रु.७० लाख बजेट विनियोजन गरेको छु ।

६५. सरसफाई व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइट निर्माण गरी सो मा फोहोरको प्रशोधन कार्य गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

यस सभाका आदरणीय सभाध्यक्ष तथा सदस्य ज्यूहरु,

अब म संस्थागत विकास क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६६. मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन, जिल्ला स्तरीय न्यायिक समिति सम्मलेन, मुद्दा मिलापत्र, इजलास स्थापना, पुनर्ताजगी तालिम र अनुगमन /भ्रमण लगायतका न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई थप व्यवस्थित बनाउन रु. १४ लाख ७९ हजार बजेट विनियोजन गरेको छु ।

६७. सहकारी दिवस, कोपोमिस तालिम, सहकारी वार्षिक कार्ययोजना, पुरस्कार तथा प्रोत्साहन, ऋण व्यवस्थापन तालिम, निस्कृय सहकारी व्यवस्थापन लगायतका सहकारी सम्बन्धी सम्पूर्ण कार्यक्रम सञ्चालनका लागि रु.१० लाख ६० हजार बजेट विनियोजन गरेको छु ।

६८. पञ्जीकरण शाखामा कार्यरत कर्मचारीहरुको लागत साझेदारी अन्तर्गत संघिय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक र पोषाक भत्ताका लागि रु. ४ लाख ९५ हजार र बांकी ६ महिनाको पारिश्रमिक र अन्य खर्चका लागि आन्तरीक स्रोत तर्फ रु.५ लाख गरी एकमुष्ट रु. ९ लाख ९५ हजार बजेट विनियोजन गरेको छु ।

६९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम उद्यमीको स्तरोन्नति, नयाँ उद्यमी सिर्जना र प्रविधि हस्तान्तरण गर्न एकमुष्ट रु. २२ लाख बजेट विनियोजन गरेको छु।

७०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक, रोजगार सहायक, प्राविधिक सहायकको एकमुष्ट तलब र पोशाक भत्ता लगायत अन्य कार्यक्रमहरुको लागि एकमुष्ट रु. ६५ लाख २२ हजार बजेट विनियोजन गरेको छु ।

७१. सुरक्षित आप्रवासन (SAMI) परियोजना अन्तर्गत मनोसामाजिक परामर्शकर्ता र वित्तिय साक्षरता सहजकर्ताको तलब भत्ता मा ५०% अनुदान, रोजगार प्रवर्द्धन कार्यक्रम, कर्मचारी भ्रमण, अभिमुखीकरण, अनुगमन मूल्याङ्कन, बिमा शुल्क , आदिका लागि रु. १० लाख ९६ हजार संघिय सरकार बाट र ५०% तलब भत्ता आन्तरीक स्रोत बाट रु.६ लाख गरी एकमुष्ट रु. १६ लाख ९६ हजार बजेट विनियोजन गरेको छु ।

७२. गरीबसँग विशेश्वर कार्यक्रम अन्तर्गत रु. ७ लाख ३० हजार बजेट विनियोजन गरेको छु।



आनन्द राज त्रिपाठी
प्रमुख

यस सभाका आदरणीय सभाध्यक्ष तथा सदस्य ज्यूहरु,

अब म सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७३. स्थानीय तहमा स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नु पर्ने कानुनी व्यवस्था रहे बमोजीम कर्मचारी कल्याणकोष संचालनका लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु ।

७४. जनप्रतिनिधि र कर्मचारीहरुको कार्यदक्षता, कार्यकुशलता र कार्यप्रभाकारीता अभिवृद्धि गर्न संस्थागत क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७५. चालु आ.व. देखि शुरु गरिएको डिजिटल नागरीक वडापत्र सबै वडाहरुमा जडान गर्ने व्यवस्था मिलाएको छु ।

७६. नागरिक सेवा, शुसासन प्रवर्द्धन र कार्यालयको प्रभावकारी कार्यसम्पादन अभिवृद्धि गरी उत्कृट सेवा प्रवाह गर्नु अपरिहार्य छ । यसर्थ सबै राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च वनाउँदै कामको मूल्याङ्कन गरि प्रोत्साहन, पुरस्कार एंव सम्मान गर्ने समेत व्यवस्था मिलाएको छु ।

७७. गुणस्तरीय सेवाका लागि उत्तरदायी, जवाफदेही र पारदर्शी शासन व्यवस्थाका लागि सार्वजनिक सुनुवाई, प्रगती समीक्षा जस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

७८. यसरी सार्वजनिक सेवा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि एकमुष्ठ रु. १ करोड १२ लाख बजेट विनियोजन गरेको छु ।उक्त बजेट चालु खर्चको प्रशासन खर्च र नगरस्तरीय मा समावेस गरेको छु ।

अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

७९. आगामी आर्थिक वर्षमा नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. ८५ करोड १६ लाख ७४ हजार रकम खर्च हुने अनुमान गरेको छु ।कुल विनियोजन मध्ये चालुतर्फ रु.६४ करोड ११ लाख ९१ हजार अर्थात ७५.२९ प्रतिशत (संघिय सशर्त अनुदान चालु तर्फ ३९ करोड ७७ लाख शिक्षक विद्यालय कर्मचारी, स्वास्थ्य तथा आयूर्वेद तर्फका कर्मचारिको तलब, पोषाक र महंगी भत्ता खर्च समेत गरी चालु तर्फ प्राप्त भएको हुँदा चालु खर्च धेरै देखिन गएको छ ।आन्तरीक स्रोत तर्फ हेर्ने हो भने रु.४५ करोड ३९ लाख मा चालु खर्च ५३.२९



आनन्द राज त्रिपाठी
प्रमुख

प्रतिशत र पुँजीगत खर्च ४६.७१ प्रतिशत हुन आउँछ ।) र पुँजीगत तर्फ रु. २१ करोड ४ लाख ८३ हजार अर्थात २४.७१ प्रतिशत रहेको छ । आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) नगरपालिकाको विनियोजन विधेयक २०८१ संगै पेश गरेको छु ।

८०. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १३ करोड ६१ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रु. १३ करोड ७ लाख ९९ हजार २ सय ४३ , सशर्त अनुदान चालु र पुँजीगत रु. ४१ करोड १२ लाख ३५ हजार, संघीय विशेष अनुदान ३ करोड, क्रमागत ठेक्का योजना रु.३ करोड, वन रोयल्टी रु. ७५७, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १ करोड ८८ लाख ३८ हजार, प्रदेश राजस्व बाँडफाँड रु. १ करोड ३६ लाख ५१ हजार, प्रदेश विशेष अनुदान रु. ४० लाख, प्रदेश समपुरक अनुदान रु. ६० लाख, आन्तरिक राजस्वबाट प्राप्त हुने रु. ३ करोड २५ लाख अनुमान गरेको छु । यसरी अनुमान गरिएको आम्दानीले अपुग हुन आउने न्यून पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्त सम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात रु. ३ करोड ८५ लाख ५० हजार अनुमान गरेको छु।

८१. समपुरक अनुदान तथा अन्य अख्तियारी मार्फत प्राप्त हुने बजेटहरु स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) मा प्रविष्टि गरी प्रणालीमानै स्वीकृत गरी भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।

सभाका सभाध्यक्ष ज्यू तथा सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८१/०८२ को लागि राजस्व सम्बन्धी नीतिगत व्यवस्थाका केही अंशहरु प्रस्तुत गर्न चाहन्छु ।

८२. कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम सञ्चालन गरी कर असुलि गर्ने कार्यका लागि ठोस र प्रभावकारी रुपमा करको दर भन्दा दायरा विस्तारमा जोड दिएको छु ।

८३. स्थानीय सरकारको क्षेत्र भित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने निति लिएको छु । कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गर्दै राजस्व सुधार अभियान संचालन गर्ने व्यवस्था मिलाएको छु । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।



२०८१/०३/१०
आनन्द राज त्रिपाठी
प्रमुख

८४. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई ध्यानमा राखेर प्रगतिशील कर प्रणाली विकसित गरिनेछ । नगरपालिका क्षेत्रमा विपद, कृषि/पशु, योजना, सामाजिक सुरक्षा, छात्रवृत्ति, अपाङ्गता, विपन्न नागरिक औषधि उपचार र मृतक तथा क्षतिपूर्ति सम्बन्धी सिफारिस दस्तुर निःशुल्क गरिनेछ ।

८५. रोडा, ढुंगा, गिटी, वालुवा, चुनढुंगा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी बाँडफाड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा र ४० प्रतिशत प्रदेश संचित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वियन गरीनेछ । नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

८६. कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०८१ यसैसाथ प्रस्तुत गरेको छु । कर सम्बन्धी प्रस्ताव संवत् २०८१ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

यस सभाका सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,

८७. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी सुशासन र जनता प्रति पूर्ण जिम्मेवार पूर्वक भूमिका निर्वाह गर्ने कार्यमा स्थानीय सरकार पूर्ण रुपमा प्रतिबद्ध छ ।

८८. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने नगर प्रमुख, नगर सभाका सदस्यहरु, राजनैतिक दल, प्रमुख प्रशासकीय अधिकृत लागयत राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाज तथा पत्रकारहरुबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु। साथै मुलुक भित्र र बाहिर रहनुभएका सबै नेपालीलाई "समुन्नत र समृद्ध" भानु निर्माणमा स्थानीय सरकारको महान यात्रामा सहभागी हुन आव्हान गर्दै बजेट छलफलका लागि सभा समक्ष पेश गर्दछु । धन्यवाद। जय भानु।

उमा गोतामे

उप-प्रमुख

संयोजक, बजेट तथा कार्यक्रम तर्जुमा समिति

भानु नगरपालिका तनहुँ

२०८१।०३।१०

आनन्द राज त्रिपाठी

प्रमुख

<u>निर्णय नं.३</u> भानु नगरपालिकाको सहकारी ऐन, २०७५ को पहिलो संशोधन प्रस्ताव पेश गरियो ।

<u>निर्णय नं.४</u> भानु नगरपालिकाको आर्थिक विधेयक, २०८१, विनियोजन विधेयक, २०८१, मध्यमकालिन खर्च संरचना, २०८१ र केही ऐन संशोधन प्रस्ताव उपर वृहत छलफल गर्न समय अभाव भएका कारण भानु नगरपालिकाको चौधौ नगरसभाको तेस्रो बैठकमा मिति २०८१/०३/३० गते बिहान ११ बजे फुस्रेटारमा बस्ने गरी चौधौ नगरसभाको दोस्रो बैठक सभा अध्यक्षज्यूबाट स्थगित भयो ।

आनन्द राज त्रिपाठी
प्रमुख